महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

रैनादेवी छहरा गाउँपालिका
पाल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. २१०

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रैनादेवी छहरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाल्पा ।

कैफियत सहितको राय

हामीले रैनादेवी छहरा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. रैनादेवी छहरा गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ९४ लाख ८१ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू ६ लाख ७३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३० लाख १३ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ५७ लाख ९५ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको बेरुजु रु २१ करोड ०८ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू १४ करोड ८३ लाख ८ हजार रहेको छ । रैनादेवी छहरा गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. रैनादेवी छहरा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

रैनादेवी छहरा गाउँपालिका

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४५	१६	१९४८१	०	०	०	४५	१६	१९४८१	६७३	१५७९५	३०१३	०	०	१८८०८	०

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	२१०८१६	०	८१९८९	१२८८२७	०	१९४८१	१४८३०८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रैनादेवी छहरा गाउँपालिका, पाल्पा , रैनादेवी छहरा गाउँपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजिव पन्थी	२०७८-८-१५	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	ईन्द्र बहादुर क्षेत्री	२०७७-९-१५	
कार्यालय प्रमुख	खेत बहादुर खत्री	२०७७-४-१	
लेखा प्रमुख	लिलामणि बस्याल	२०७७-४-१	
		बेरुजु रकम	१९,४८१,४७९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२,०७,६३,०००	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४४,४८,६४,०००	**चालु खर्च**	३४,३३,५९,०००
प्रदेश सरकारबाट अनुदान	४,५०,०७,०००	**पूँजीगत खर्च**	१५,६२,९६,०००
राजश्व बाँडफाँट	८,०८,६३,०००	**वित्तीय/अन्य व्यवस्था**	१७,९९,१७,०००
आन्तरिक आय	८९,३७,०००		
अन्य आय	१०,७७,८५,०००		
कुल आय	६८,७४,५६,०००	**कुल खर्च**	६७,९५,७२,०००
बाँकी मौज्दात		२,८६,४७,०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रैनादेवी छहरा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्धेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, १७५.८८ वर्ग किलोमिटर क्षेत्रफल तथा २६४६९ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षणको उद्धेश्य** स्थानीय तहको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्धेश्य रहेको छ । वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मानदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ ।	
३			**वित्तिय व्यवस्था**	

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	**रकम**	**रकम**		**विवरण**	**रकम**	**रकम**
१	गत वर्षको जिम्मेवारी			१	चालु खर्च	343359044	
	क. नगद			२	पूँजीगत खर्च	156296366	
	ख. बैंक	20763169.7		३	अन्त सरकारी तर्फ खर्च	0	
२	राजस्व (आन्तरिक आय)				क. जेष्ठ नागरिक दिर्घ सेवा तथा सामाजिक सुरक्षा भत्ता	81836301	
	क. आन्तरिक राजस्व	8937147.7			ख. स्थानिय पूर्वाधार विकास साझेदारी	3274820	
	ख. राजस्व बाँडफाँड	80862589.6			ग. गरिब सँग विश्वेश्वर	496475	
	ग. अन्य आय			४	लगानी	0	
३	वित्तीय हस्तान्तरण संघ				ऋण लगानी	0	
	क. वित्तीय समानीकरण अनुदान	103300000			शेयर लगानी	0	
		294063890				0	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
				ख. सशर्त अनुदान				अन्य लगानी			
				ग. समपूरक अनुदान	35000000		५	धरौटी फिर्ता	3077000/-		
				घ. विशेष अनुदान	12500000		६	जनश्रमदान फिर्ता	0		
			४	प्रदेश सरकारबाट प्राप्त अनुदान			७	कोष फिर्ता	0		
				क. वित्तीय समानीकरण अनुदान	5257000		८	मौज्दात	0		
				ख. सशर्त अनुदान	14850000			क. बैंक मौज्दात	21291620		
				ग. समपुरक अनुदान	13400000			ख. नगद मौज्दात	0		
				घ. विशेष अनुदान	11500000		९	शसर्त अनुदान फिर्ता	0		
			५	अन्तर स्थानीय तहबाट प्राप्त				प्रदेश अनुदान फिर्ता	11519272		
			६	अन्त सरकारी तर्फ आय				संघीय अनुदान फिर्ता	70151481		
				क. जेष्ठ नागरिक दिर्घ सेवा तथा सामाजिक सुरक्षा भत्ता	81836301		१२	धरौट मौज्दात	3953000		
				ख. स्थानिय पूर्वाधार विकास साझेदारी	3274820		१३	कोष खाताको मौज्दात			
				ग. गरिब सँग विश्वेश्वर	496475			प्रकोप कोष व्यवस्थापन	155666.45		
				अन्त सरकारी तर्फ खर्च				मर्मत सम्भार कोष	245776		
			७	विभिन्न कोषतर्फको आय				कर्मचारीकल्याण कोष	3000000		
				प्रकोप व्यवस्थापन कोष खाता	8158860		१४	कोष खर्च	0		
				मर्मतसम्भार कोष खाता	1805142			प्रकोप कोष व्यवस्थापन	8003193.6		
				कर्मचारी कल्याण कोष खाता	3000000			मर्मत सम्भार कोष	1559366/-		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>धरौटी आय</td><td>7030000</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>अन्य विविध आय</td><td>2183985.5</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>708219381</td><td></td><td></td><td>जम्मा</td><td>708219381</td><td></td></tr>
</table>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्यप्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाबाट २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>सम्पतिको उपयोग</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४.३			१ सञ्चित कोषको चौमासिक विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। २ एकीकृत आय-व्यय विवरण - कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । जस्तै कार्यालयको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन। संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकासा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ।	
५			**आन्तरिक नियन्त्रण प्रणाली** आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाइएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन । • साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ । • जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडिएस नगरेको । • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३५ जनाको दरबन्दी रहेकोमा १३ जना रिक्त रहेको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रू. १३१९६२२१.९० तलब खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकीन हुन सकेन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो । • वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाइएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
६			**त्रैमासिक विवरण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ को ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन ।	
७			**अवकाश कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको देखिएन । .	
८			**बजेट तथा कार्यक्रम**	
८.१			बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमाउपप्रमुख श्री चेतकुमारी थापाले मिति २०७७।३।१० गते रू. ६० करोड ५९ लाख ६४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।४।२९ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
८.२			अबण्डा बजेट– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १० लाख अबण्डा राखेको छ । उक्त अबण्डा रकम चालु खर्च शीर्षकमा खर्च गरेकोछ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.३			**बजेट सीमा निर्धारण समिति :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको गरेको भए पनि बैठक वसेको देखिएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८.४			बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएको छ । समितिको बैठक २०७८ जेठ ११ गते बैठक बसे पनि ऐनले तोके बमोजिम कार्यहरु गरेको देखिएन । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८.५			क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत आर्थिक विकास | ८३२५४०९०.०० | ५६७६१६७५.६५ | ११.४० सामाजिक क्षेत्र | ३२६५८००००.०० | २७४४४९८७६.५० | ५४.९० पूर्वाधार विकास क्षेत्र | १४५८९७०००.०० | ९२९८५८२०.३० | १८.६० वित्तीय व्यवस्थापन र सुशासन | ८४०००००.०० | ५२९४९३२.०० | १.०५ कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ६७६६४०५०.०० | ७०१६३१०६.०२ | १४.०४ जम्मा | ६३१७९५११४०.०० | ४९९६५५४१०.४७ | १००.०० उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ५४.९० प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासनमा सबै भन्दा घटी १.०५ प्रतिशत रहेको छ ।	
८.६			त्रैमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत वार्षिक रु. १५ करोड ४४ लाख ४५ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ६८ लाख २२ हजार अर्थात ४.४१ प्रतिशत दोश्रो त्रैमासिकमा रु. १ करोड ९४ लाख ८० हजार अर्थात १२.६१ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. ४ करोड १ लाख ३० हजार अर्थात २५.९८ प्रतिशत, चेथो त्रैमासिकमा रु. ८ करोड ८० लाख १३ हजार अर्थात ५६.९८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ७ करोड ९८ लाख ७२ हजार अर्थात ५१.७१ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९			**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
१०			**कर्मचारीलाई बढी भुक्तानी** १. **शिक्षकको तलब भत्ता निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ ।कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को बुंदा नं. 1.2 मा कक्षा 1-12 सम्म चलेका माध्यमिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु. 7,500/- का दरले 13 महिना बराबरको पारिश्रमिक अनुदान उपलब्ध गराउने व्यवस्था छ।तर पालिका अन्तर्गत सञ्चालित बेद बेदाङ्ग मा.वि.मा कार्यरत कार्यलय सहायक श्री नारायण पन्तलाई तीन वटै चैमासिकमा प्रति महिना रु. 19,480/- का दरले 13 महिनाको रु. 2,53,240/- भुक्तानी गरेको पाइयो।तसर्थ निजलाई बढी भुक्तानी भएको रकम रु. 1,55,740/- असुल गरी राजश्व दाखिला गर्नुपर्ने । **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** १०.१ | नारायण पन्त | १,५५,७४०	१५५,७४०
११			**विद्यालयलाई बढी निकासा**	
११.१			१. कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 अनुसार विद्यालयलाई दिइने अनुदान अन्तर्गत 12 वटा विद्यालयलाई इन्टरनेट जडानको लागि रु. 15,000/- का दरले रु.1,44,000/- सामाजिक तथा आर्थिक लेखापरीक्षणको लागि 49 वटा आधारभुत विद्यालय र 12 वटा माध्यमिक विद्यालयको लागि जम्मा रु. 6,70,000/- र विद्यालय सुधार योजनाको लागि 49 वटा आधारभुत विद्यालय र 12 वटा माध्यमिक विद्यालयको लागि रु. 9,75,000/- गरी जम्मा रु. 17,89,000/- निकासा दिनुपर्नेमा पालिकाले रु. 18,89,000/- निकासा दिएको पाइयो।अतः बढी निकासा रकम रु.1,00,000/- सम्बन्धित विद्यालयहरुबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु. **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** ११.१.१ | सम्बन्धित विद्यालयहरुबाट | १,००,०००	१००,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११.२	विभिन्न		१. कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 अनुसार ईमिसको विद्यार्थी संख्यालाई आधार मानेर श्रेस्ता परीक्षण गर्दा निम्न शिर्षकमा बढी रकम निकासा भएको देखियो।यसरी बढी निकासा रकम सम्बन्धित विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.	१८८,०५०

भौ.नं./मिति	विवरण	निकासा भएको	निकासा हुनुपर्ने	बढी निकासा
120-078/3/2	प्रति विद्यार्थी ईकाइ लागत	468000	418950	49050
	-1-5 सम्म 2793*150=418950			
	छात्रवृती तर्फ	981600	920400	61200
	-छात्रा(1-8 सम्म) 2301*400=920400			
	-दलित (1-8 सम्म) 396*400=158400	160000	158400	1600
229-078/3/30	CUG मार्फत सिकाई सहजिकरणको लागि	3413300	3337100	76200
	-कक्षा 4-12 सम्म 4436*3*125=1663500			
	कक्षा 1-12 सम्म स्वास्थ्य सामग्री व्यवस्थापन			
	6868*200=1373600			
	25 वटा विद्यालयलाई मागको आधारमा इन्टरनेट अनुदान रु.12000का दरले= 144000			
	जम्मा असुल रकम	5022900	4834850	188050

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**आन्तरिक आय**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय÷व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १ करोड २५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु. ८९ लाख ३७ हजार अर्थात अनुमान भन्दा २८.५१ प्रतिशत घटी आय प्राप्त गरेको छ ।</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>२७१४१२४१०</td><td>८९३७१४७</td><td>३.२९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.८२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पर्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२.३			कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । **आय शीर्षक / अनुमान / असुली / असुली प्रतिशत** एकीकृत सम्पत्ति कर र घरजग्गा कर / 4000000 / 2543345.7 / 63.6 घरजग्गा वहाल कर / 500000 / 205117 / 41.02 व्यवसाय कर / 300000 / 180080 / 60.02 सेवा शुल्क / 6000000 / 4384344 / 73.07 अन्य बेरुजु असुल समेत / 1700000 / 1624261 / 95.54 जम्मा / 12500000 / 8937147.7 / 71.49 पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
१२.४			सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
१३			**बार्षिक खरिद योजना/गुरुयोजना** बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५ करोड ६२ लाख ३० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
१४			**कामको गुणस्तर सम्बन्धमा**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>गुणस्तर परीक्षण - गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । ती व्यवस्था अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्यमा प्रयोग भएका सिमेन्ट, गिट्टी, ढुंगा, डण्डी, तार जाली र बालुवाको परीक्षण गराउनु पर्नेमा गराएको छैन । कार्यालयले ३६५ उपभोक्ता समिति मार्फत बाटो निर्माण, खानेपानी संरचना निर्माण, भवन निर्माण, कम्पाउण्ड बाल, बाटो ढलान तथा पोखरी निर्माण कार्य गराई रू. ७ करोड ७ लाख ५८ हजार भुक्तानी गरेको छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गराइ भुक्तानी दिनु पर्नेमा परीक्षण गरेको छैन । यसले गुणस्तर परीक्षणलाई कार्यालयले प्राथमिकतामा नराखेको स्पष्ट हुन्छ । गुणस्तर परीक्षण वेगर गरेको काम दिगोपना र विश्वसनीय नहुने भएकोले गुणस्तर परीक्षणलाई प्राथमिकतामा राख्नु पर्ने देखिन्छ । यसका केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><th>भौ.नं. मिति</th><th>निर्माण कामको विवरण</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>१५–२०७७।८।५</td><td>धजावान्ने कोल बोट मोटरबाटो</td><td>९६००००</td></tr>
<tr><td>४०८–२०७८।३।३०</td><td>बर्थिङ सेन्टर भवन निर्माण</td><td>९१००००</td></tr>
<tr><td>४१९–२०७८।३।३०</td><td>आफ्रेचौर मोटरबाटो ढलान</td><td>४८६०००</td></tr>
<tr><td>३५९–२०७८।३।२७</td><td>न्यून स्तर युवा क्लब भवन निर्माण</td><td>१९३०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>३६२–२०७८।३।२७ पाइप खर्च जनाएकोः पेलावास खानेपानी टंकी निर्माण उपभोक्ता समितिलाई फेरो टंकी निर्माण कार्यको लागि रु. ३३६३८९.१९ भुक्तानी गरेको छ । निर्माण कार्यको नापी तथा मूल्यांकन अनुसार फेरो सिमेन्ट टंकी निर्माण कार्यको फर्माको लागि ३२।६ को ९६२.०८ मिटर पाइप प्रयोग गरेको देखिन्छ । फर्मा निर्माण कार्यको दर विश्लेषण अनुसार ज्यामी ज्याला भुक्तानी हुने भए पनि उक्त परिमाणको पाइप अन्यत्र प्रयोग हुने हुँदा फर्माको लागि खर्च हुन सक्दैन । ९६२.०८ मिटरको रु. ४१.६४ को दरले फर्मा निर्माण कार्यमा रु. ४००६१.०० खर्च जनाएको कारण आयोजनाको लागत बढेको छ । यसरी बढी खर्च भएको रकम रकम असुल हुनु पर्ने रु.</td><td>४०,०६१</td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण हुनु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५	२०	२०७८-३-२८	**पूर्व निर्धारित क्षतिपूर्ति** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लंघन गरी तोकिए वमोजिमको कार्य सम्पन्न नगरेमा कार्य सम्पादन हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने, र सम्झौता वमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने, क्षतिपूर्ति भराउने र सम्झौता वमोजिमको उपलब्ध हुने अन्य उपचार गर्ने उल्लेख छ ।पालिकाले नयाँ तुल्सी फोर ह्वील प्रा.लि.सँग मिति २०७७ माघ ८ मा भएको सम्झौता अनुसार ६८ थान मिनि ट्रिलर खरिद गर्न रु. ३४८१६००।– मा मात्र दाखिला भएकोले सम्झौताको दफा ४७.१ अनुसारे दैनिक ०.०५ प्रतिशतको दरले सम्झौता रकमको ६० दिनको रु. १०४४४८.०० हर्जना कट्टा गर्नु पर्ने रु.	१०४,४४८
१६			**कानून निर्माण एवं कार्यान्वयन स्थिति**	
१६.१			कानून र सञ्चालन स्थिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३९ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ३ वटा नियमावली, १७ वटा कार्यविधि र ३ वटा निर्देशिका समेत लगायत ३० वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३० वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरेतापनि ६ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । निर्देशिका तथा मापदण्डः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले कृषि औजारलगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा वितरण लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनोट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।	
१६.२			न्यायिक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकाराह क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी तथा फछ्र्यौट विवरण लेखापरीक्षणमा पेश नभएकोले विश्लेषण गर्न सकिएन ।	
१७			**म.ले.प. फारमहरुको प्रयोग**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.१			म.ले.प. फारमहरुको प्रयोगः साविकमा रहेका म.ले.प. फारमहरुको सट्टा नयाँ म.ले.प. नम्बरहरु २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरु जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरु आंशिक रुपमा प्रयोग गरेको देखियो ।कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।	
१७.२			बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।	
१८			**पदाधिकारी सुविधा र विविध खर्च**	
१८.१			**पदाधिकारी सुविधा:** आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३९ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ५ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा, मर्मत सुविधा, अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु २७ लाख २४ हजार, टेलिफोन तथा मोवाइल रु.१५ लाख ४८ हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. १३ लाख ८० हजार, जनसम्पर्क विशेष कार्यसुविधा रु २३ लाख ६४ हजार, मर्मत सम्भारमा रु १ लाख २० हजार, अतिथि सत्कारमा रु.६ लाख ६० हजार, खानेपानी विजुली सरसफाईमा रु. १ लाख २० हजार चाड पर्व खर्च रु ४ लाख १९ हजार समेत रु.९३ लाख ३५ हजार खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.९३ लाख ३५ हजार भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	
१८.२			**विविध खर्च:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च अन्तर्गत रु ३० लाख २३ हजार खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.३			**आर्थिक सहायता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । पालिकाले यो बर्ष रु ५ लाख २० हजार आर्थिक सहायता वितरण गरेको देखिन्छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१९			**कोभिड तर्फ**	
१९.१			**जोखिम आंकलन र पूर्व तयारी**- कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि जोखिम आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाएको हुनुपर्दछ । कार्यालयले स्वास्थ्य शाखा प्रमुखको संयोज्वकत्वमा क्वारेन्टीन संचालक समिति, अध्यक्षको संयोजकत्वमा गाउँस्तरीय क्वारेन्टीन समिति तथा गाउँस्तरीय सी सी एम सी सी उल्लेख गरेको भएतापनि कोभिड महामारीबाट हुने जोखिम आंकलनका लागि तथा महामारी पछि नियन्त्रण र रोकथामका लागि कार्ययोजना बनाएको देखिएन ।	
१९.२			**जोखिम भत्ता:** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्राबिधिक कर्मचारी, प्रशासनिक कर्मचारीलाइ रू.१६ लाख ७२ हजार ७ सय ७८ खर्च लेखेको छ । कोभिड १९ को संक्रमणको उपचार वापत कोभिड अस्पताललाइ ७ लाख २५ हजार अनुदान उपलब्ध गराएको छ । उक्त रकम उपलब्ध गराउँदा खर्चको मापदण्ड निर्धारण नगरी कार्यपालिकाको निर्णय बमोजिम अस्पतालबाट प्राप्त बिलको आधारमा सम्पूर्ण खर्च व्यहोरेको देखिन्छ । उपचाररत बिरामीको शुल्क तिर्ने सम्बन्धी खर्चको मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>विशेष परिस्थितिमा खरिद: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि फरक फरक फर्म सप्लायर्सबाट सोझै खरिद गरेको छ। कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना नगरी देहायका फर्म र सप्लायर्सबाट टुक्रा खरिद गर्नु नियमसंगत नदेखिएको रु
<table>
<tr><th>भौ नं र मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>51 03.30</td><td>समुन्द्रा मेडिको फर्मा</td><td>२३२४४८</td></tr>
<tr><td>52 03.30</td><td>अन्नपूर्ण फार्मेसी</td><td>२८१०००</td></tr>
<tr><td>53 03.30</td><td>त्रिदेवी सर्जिकल</td><td>४९८४००</td></tr>
<tr><td>54 03.30</td><td>आसन सर्जिकल</td><td>४९९९००</td></tr>
<tr><td>55 03.30</td><td>ए वान फर्मा</td><td>४९८५००</td></tr>
<tr><td>41 03.18</td><td>डि एण्ड एस सप्लायर्स</td><td>७२६२०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२०८२८६८</td></tr>
</table>
</td><td>२,०८२,८६८</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>कर्मचारी दरबन्दी र पदपूर्ती: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३५ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २३ जना पदपूर्ति भएको देखिन्छ । रीक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०.२			**कर्मचारी करार–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरू करारमा राखी रू. ९२ लाख ०९ हजार खर्च लेखेको छ ।	
२०.३			**तलबी प्रतिवेदन:** निजामती सेवा ऐन,२०४९ को दफा ७ (ख) (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कमर्चारीहरूको तलवी प्रतिवेदन पारित नगरी रु. १ करोड ३१ लाख ९६ हजार तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड रकम समेत एकिन हुन सकेन ।	
२०.४			**सेवा प्रवाह:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ ५ बमोजिम हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाइ पारदर्शी उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहीतालाइ प्रभावकारी बनाउने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत सञ्चालन गरेको योजनामा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण नभएकोले पारदर्शिता र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्न सकिएन ।	
२१			**सेवाप्रवाहको स्थिति**	
२१.१			सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ७ वटा ऐन, ३ वटा नियमावली र १७ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट घर नक्सा दर्ता पास २१ वटा, जन्म दर्ता ८२६, मृत्यु दर्ता ३२५, वटा, बसाईँसराइ १२१ वटा, विवाह दर्ता २८६ वटा, सम्बन्ध विच्छेद दर्ता २२ वटा गरेको विवरण प्राप्त भएको छ। पूवार्धार तर्फ ३.९५ कि.मि. सडक निर्माण गरेको विवरण पेश भएको छ । पूर्वाधार विकास तथा सडक निर्माण तर्फको सेवा प्वाहके विवरणा पेश नभएकेले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.२			योजना छनोट र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् रु १ लाख सम्म: १९६; रु १ लाख देखि २ लाखसम्म: ८६; रु २ लाखदेखि ५ लाखसम्मका: ५१; रु ५ लाखदेखि १० लाखसम्मका: ३६; रु १० लाखभन्दा बढीको: २५; जम्मा: ३९४ उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाखसम्मका जम्मा ३६९ वटा योजना संचालन गरेकोमा रू. १ लाख भन्दा मुनिका मात्र १९६ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५ लाखदेखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
१९६	८६	५१	३६	२५	३९४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**वित्तीय विवरण** वित्तीय विवरणः स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ । • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रू. ======= ले फरक देखिएको छ ।गाँउपालिकाले बैंक समायोजन हिसाब तयार नगरेको र चेक साट्न वाँकी रहेकोले हिसाब फरक परेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले स्रेस्ता अनुसार बैंक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको अवस्था छ । • सञ्चित कोष र अन्य खर्च शीर्षकहरुको बैङ्क नगदी किताब कार्यालय प्रमुख तथा लेखा प्रमुखबाट प्रमाणित गर्ने गरेको छैन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ। • कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात यकीन गर्न सकिएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२३			**कन्टिन्जेन्सी खर्चको अभिलेख** कन्टिन्जेन्सी खर्चको अभिलेख: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ३५ लाख २५ हजार कट्टी गरेको छ । उक्त रकम मध्ये रू. ३० लाख ७३ हजार खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगारीर कार्यक्रम
प्रधानमन्त्री रोजगारीर कार्यक्रमः कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रु.१३८७८०००।– झेरुगढी किल्ला संरक्षण तथा मर्मतसम्भार, तिलकथान पार्क संरक्षण तथा ममर्त सम्भार र जुठापौवा रातामाटा नली व्यवस्थापन निर्माण सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रु. ८३७८००।– खर्च भएको देखिन्छ । रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ३७२ जनाले निवेदन दिएकामा जम्मा २२९ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ८ वटा वडा मध्ये ८ वटा वडामा नै यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ८ वटा वडामा सञ्चालित कार्यक्रममा २२९ जनालाई दैनिक ५१७ को दरले जम्मा अधिकतम ९८ र न्यूतनम ६८ दिन रोजगारी दिएको पाइयो ।यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।</td><td></td></tr>
<tr><td>२५</td><td>बिभिन्न</td><td></td><td>मसिनको प्रयोग
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर डोजर ग्रेडर विटुमिन डिस्ट्रिव्युटर विटुमिन ब्वाईलर जस्ता हेभी मेसीनहरु प्रयोग गर्न सकिने व्यवस्था छैन । गाउँपालिकाले देहायका उपभोक्ता समितिहरुबाट श्रममूलक रोजगारी सृजना हुने खालका निर्माण कार्य मात्र सम्पन्न गराउनु पर्नेमा हेवी मेसीनहरु समेत प्रयोग गरी निर्माण कार्य सम्पन्न गराएको नियम सम्मत नदेखिएको रु
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>भुक्तानी रकम</th><th>मेसिन खर्च</th></tr>
<tr><td colspan="4">(प्रदेश सरकार पूंजीगत)</td></tr>
<tr><td>१९-२०७८/३/३०</td><td>पेलबास बल्घा अर्घाखांची मो बा उ स, ३</td><td>७९९०००</td><td>८५०३४८</td></tr>
<tr><td>११-२०७८/३/२७</td><td>देउखान सर्देवा सडक नि. तथा स्तरोन्नती उ.स.</td><td>६८००००</td><td>७५०५४९</td></tr>
<tr><td>१०-२०७८/३/२६</td><td>काउले चहला मो बा उ स, ६ ७</td><td>८३००००</td><td>९०५४०४</td></tr>
<tr><td>८-२०७७/१२/३०</td><td>पटुवा चौर उजिसडाडा जुठापैवा मो बा उ स ,६</td><td>९३००००</td><td>१००१९६३</td></tr>
<tr><td>४-२०७८/३/२१</td><td>अर्दयी फोबके आंप गा पा मो बा नि उ स ३</td><td>९३४०००</td><td>४७४४४२</td></tr>
<tr><td colspan="4">(गा.पा. पूंजीगत)</td></tr>
<tr><td>२५८-२०७८/३/१३</td><td>ढेउले पोखरा मनभाग मो बा उ स १</td><td>१९१०००</td><td>२०६११६</td></tr>
<tr><td>२४९-२०७८/३/१२</td><td>आम्बोट पोखरी देखि स्कुल हुदै शिखरपोखरी मो बा उ स ३</td><td>१४६०००</td><td>१५६६३१</td></tr>
<tr><td>२५७-२०७८/३/१३</td><td>लोकासिङ सेर्व अमलधारा मो बा उ स ६</td><td>१९१०००</td><td>२०६०५७</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>५,२९६,६५४</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम
				२६७- २०७८/३/१३	गौरापानी देखि ताङ्कनामी टोल मानकोट हुदै मो बा उ स १	९४०००	१०३३७९		
				२६६-२०७८/३/१३	बेलडांडा सातमुरे गुल्मी मो बा उ स १	१८७०००	२०४०८६		
				२६५-२०७८/३/१३	मलिका पुच्छर कचल मो बा उ स ६	४४३०००	३४९६०		
				२६३-२०७८/३/१३	कालिका मा बि मुझुङ्गको मो बा उ स ५	१९५०००	४१२४८		
				२६१-२०७८/३/१३	कासिचैर कोईराला बुटा मो बा उ स	१८५०००	२०१९२९		
				२६९-२०७८/३/१३	भालुबारी सेम्लेपोखरा खोलार मो बा उ स १	१४७०००	१५९५४२		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६	बिभिन्न		**जटिल संरचना** **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान
२५५-२०७८/३/१३	दुर्गा मन्दिर नि आ २	भवन निर्माण	२१४९१७
२५०-२०७८/३/१३	सामुदायिक भवन नि उ स १	भवन निर्माण	१०६८३९
३३१-२०७८/३/२२	नुनथाला सामुदायिक भवन नि उ स २	भवन निर्माण	१६०७८२
३५९–२०७८।३।१६	न्युनस्तर युवा क्लव भवन	भवन निर्माण	218624.46
४०८–२०७८।३।३०	वर्थिङ सेन्टर निर्माण	भवन निर्माण	1698636.68

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७	बिभिन्न		**दररेट फरक** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्मन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाचपास गराई भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमका उपभोक्ता समितिलाई स्वीकृत दर नर्म्स भन्दा बढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु ७३१३४	७३,१३४

प्रदेश सशर्त								
भा नं/ मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	क्षेत्रफल	एकाई	भुक्तानी हुनुपर्ने दर	भुक्तानी भएको दर	बढी भुक्तानी दर	बढी भुक्तानी रकम
१२-२०७८/३/२८	भगवती आ बि दिग खेलकुद नि उ स २	ईटाको गारो १:६	७.२३	घ मी	१५३२३	१६४०४	१०८१	७८१५
५-२०७८/३/२२	मुटुक्दी देवी आ बि भवन नि उ स १	ईटाको गारो १:६	१२.२	घ मी	१५३२३	१६४०४	१०८१	१३१८८
संघीय सशर्त								
४-२०७८/३/१७	राजापानी आ बि बाश शैचालय	ईटाको गारो १:६	११.०७	घ मी	१५३२३	१६४०४	१०८१	११९६६
५-२०७८/३/२१	खुर्सानी आ बि शैचालय नि उ स	ईटाको गारो १:६	११.०७	घ मी	१५३२३	१६४०४	१०८१	११९६६
११-२०७८/३/३०	भैरव नवदीप वाश शैचालय	ईटाको गारो १:६	८.०८	घ मी	१५३२३	१६४०४	१०८१	८७३४
४०८-२०७८/३/३०	बर्थिङ्ग सेन्टर निर्माण	ईटाको गारो १:६	१८.०५	घ.मि.	१५३२३	१६४०४	१०८१	१९५१५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>गुणस्तर परीक्षण
गुणस्तर परीक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । देहाय अनुसारका योजनाको काममा PCC 1:1.5:3 for RCC कार्य गर्ने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट काम गराएकोमा सो कामको ल्याव टेष्ट रिपोर्ट पेश नभएकोले कामको गुणस्तर सम्बन्धमा एकीन गर्न नसकिएको रू.
<table>
<tr><th>भौ।नं। मिति</th><th>योजनाको नाम</th><th>कूल भुक्तानी रकम</th><th>परिमाण</th><th>दर</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१५–२०७७।८।५</td><td>धजावान्ने कोल बोट मोटरबाटो</td><td>९६००००</td><td>३६.२९</td><td>१५३२३.२८</td><td>556081.83</td></tr>
<tr><td>३५९–२०७८।३।२७</td><td>न्यून स्तर युवा क्लब भवन निर्माण</td><td>१९३०००</td><td>७.२६</td><td>१५३२३.२८</td><td>111247.01</td></tr>
<tr><td>४०८–२०७८।३।३०</td><td>बर्थिङ सेन्टर भवन निर्माण</td><td>९१००००</td><td>२३.३८</td><td>१५३२३.२८</td><td>358258.29</td></tr>
<tr><td>प्रदेश पूँजीगत</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५–२०७८।३।२२</td><td>मुट्ठक्दी आ.वि. भवन</td><td>९४५१७५</td><td>१३.३७</td><td>१५३२३.२८</td><td>204872.25</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१५३२३.२८</td><td>१२३०४५९.३८</td></tr>
</table></td><td>१,३२०,४५९.३८</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता
उपभोक्ता समिति दर्ता — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनै पनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३६५ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ७०७५८२६९ भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>नन्फाइलर
नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू.२३९२५९.०० समेत रू. २०८२६०४ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>नन्फाइलर रहेको मिति</th><th>भुक्तानी रकम</th><th>मूअकर कर रकम</th></tr>
<tr><td>९४–२०७७।११।६</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>६१७६५</td><td>७१०६</td></tr>
</table></td><td>२३९,२५९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११४–२०७७।११।१८</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>१०४६२६</td><td>१२०३७</td></tr>
<tr><td>११३–२०७७।११।१८</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>८७६९४</td><td>१००८९</td></tr>
<tr><td>१२६–२०७७।१२।३</td><td>अधिकारी निर्माण सेवा</td><td>६०४०९३२९९</td><td>२०७६।M।१२</td><td>८७२९०</td><td>१००४२</td></tr>
<tr><td>१३९–२०७७।१२।८</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>१४९७८०</td><td>१७२३१</td></tr>
<tr><td>१३२–२०७७।१२।४</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>१०५९९०</td><td>१२१९४</td></tr>
<tr><td>१५१–२०७७।१२।२०</td><td>अधिकारी निर्माण सेवा</td><td>६०४०९३२९९</td><td>२०७६।M।१२</td><td>९३५११</td><td>१०७५८</td></tr>
<tr><td>१५८–२०७७।१२।२२</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>१५२४८५</td><td>१७५४२</td></tr>
<tr><td>१८३–२०७७।१२।२९</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>१०५५०२</td><td>१२१३७</td></tr>
<tr><td>१९२–२०७७।१२।३१</td><td>आर. एन . छहारी बिल्डर्स प्रा.लि.</td><td>६०९६८६५६८</td><td>२०७६।M।१२</td><td>८४८५५७</td><td>९७२७७</td></tr>
<tr><td>१९६–२०७८।१।३</td><td>आर. एन . छहारी बिल्डर्स प्रा.लि.</td><td>६०६४३४८५०</td><td>२०७६।M।१२</td><td>१४११८१</td><td>१६२५४</td></tr>
<tr><td>३७२–२०७८।३।२७</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>५१७६९</td><td>५९५६</td></tr>
<tr><td>२६५–२०७८।३।१३</td><td>अधिकारी निर्माण सेवा</td><td>६०४०९३२९९</td><td>२०७६।M।१२</td><td>३४९६०</td><td>४०२२</td></tr>
<tr><td>३२२–२०७८।३।२१</td><td>अधिकारी निर्माण सेवा</td><td>६०४०९३२९९</td><td>२०७६।M।१२</td><td>१६२४६</td><td>१८६९</td></tr>
<tr><td>२६३–२०७८।३।१३</td><td>ग्लोबल नि.से.</td><td>६०६८८१३५१</td><td>२०७६।M।१०</td><td>४१२४८</td><td>४७४५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०८२६०४</td><td>२३९२५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग
हेभी इक्विपमेण्टको प्रयोग— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् ।

गो. भौ.नं. मिति	उपभोक्ता समितिको नाम	निर्माण व्यसायी	भुक्तानी रकम	हेभी उपकरणमा भएको खर्च
३४–२०७७।९।७	चालु मर्मत मो.बा.मर्मत सुधार	जे.एम.एस निर्माण सेवा	३९९३६६	४२९६८३
३०–२०७७।८।१९	पेलावास वल्वा अर्घाखाँची मोटरबाटो	अधिकारी निर्माण सेवा	२०२०००	२४७२१५
२६–२०७७।८।१८	दशैबाटो सोरसार	ग्लोवल निर्माण सेवा	३८३०००	४११६०९
२४–२०७७।८।१८	मोटरबाटो मर्मत सुधार	अधिकारी निर्माण सेवा	३८३०००	४५६५००
२०–२०७७।८।१६	सम्पूर्ण सडक सोरसार	गरजा निर्माण सेवा	१८१०००	१९६१३९
४७–२०७७।९।१५	बुढी दमार हात्ती गौडा मोटरबाटो	केएनके कन्ष्ट्रक्सन	४८९००	३७७७८
४५–२०७७।९।१५	गापा भवन हुँदै कार्यालय कोयलचौर	केएनके कन्ष्ट्रक्सन	९९१००	१०६८४३
४०–२०७७।९।१४	पानीचौर ठूली चौपारी मोटरबाटो	केएनके कन्ष्ट्रक्सन	२३९६७१	२५७५८०
३८–२०७७।९।१४	बजादी आठमुरै मोटरबाटो	घर्ती एण्ड व्रदर्श	२२३२३	२०९३११
५७–२०७७।९।२६	राजुडाडाँ लिटखोला आरुडाडा	ग्लोबल निर्माण सेवा	१९९०००	२१२५७६
५४–२०७७।९।२२	दशै मोटरबाटो मर्मत उ.स.	एम.एस.जी. सप्लायर्स	३३२०००	३६६७४०
४९–२०७७।९।१६	सोमादी सुनार डाडाँ लातुपाते मोटरबाटो	गरजा निर्माण सेवा	२९७०००	३२०३९५
६९–२०७७।९।२७	ठूलापोखरा ठूलो घुम्ती सडक	ग्लोबल निर्माण सेवा	१४३०००	१५३६१४
८१–२०७७।११।११	पटुवाचौर मान्देघाट मोटरबाटो	बुद्धजुना कन्स्ट्रक्सन	१९५०००	२११५५७
९९–२०७७।११।११	खुर्सानेे मर्तापुर अर्घाखाँची मोटरबाटो	केएनके कन्ष्ट्रक्सन	४५७०००	४६८३२
९४–२०७७।११।११	छहरा दागिल मोटरबाटो	ग्लोबल निर्माण सेवा	१९३०००	६८८७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय							बेरुजु रकम
				११०–२०७७।११।१७	धजाबन्ने गाग्रे गोएले ठूलोपोखरा मो.वा.	अधिकारी निर्माण सेवा	१९८०००	२१२२१८		
				१०८–२०७७।११।११	टह माझटोल मोटरबाटो	केएनके कन्ष्ट्रक्सन	९८०००	१०५८८६		
				१०७–२०७७।११।११	पहिराथाप्लो रोगाहा मोटरबाटो	पोख्रेल कन्ष्ट्रक्सन	१४८०००	१५८८४९		
				१०५–२०७७।११।११	नेपाने पटुवाचौर ढोरपाटन	आर.एन.छहरी विल्डर्स	२९९०००	१५८८५०		
				११७–२०७७।११।२६	भबरेचौर अमिले मोटरबाटो	गरजा निर्माण सेवा	५९२०००	६३५७२६		
				१२४–२०७७।१२।३	चालु मोटरबाटो सोरसार	सुविधा निर्माण सेवा	१८६०००	२०१९७९		
				१३८–२०७७।१२।६	सोमादी लोकलधारा अर्सेदी मोटरबाटो	गरजा निर्माण सेवा	४२६०००	४६११०६		
				१४८–२०७७।१२।१९	सेर्पौदी निमडाडा मोटरबाटो	गरजा निर्माण सेवा	१९६७९६	२१२०७८		
				१६१–२०७७।११।२२	छापपोखरा बाख्रे चन्दनवास मोटरबाटो	बुद्धजुना कन्स्ट्रक्सन	९६०००	११७६०५		
				१५८–२०७७।१२।२२	गोठे फर्म तिनपोखरी कृषि सडक	ग्लोबल निर्माण सेवा	१४१०००	१५२४८५		
				१७२–२०७७।१२।२४	रिडीखोला अर्चले एभरग्रीन मोटरबाटो	गरजा निर्माण सेवा	१८८०००	२०३९५८		
				१६३–२०७७।१२।२३	बोखर अर्चले अर्घाली अर्चले अर्घाकि मोटरबाटो	केएनके कन्ष्ट्रक्सन	१४१०००	१५२४३८		
				१९२–२०७७।१२।३१	मौरिगोडा चल्ली छेडा चहला मोटरबाटो	आर.एन.छहरी विल्डर्स	७९००००	८४८५५७		
				३८२–२०७८।३।२९	फेलावास झिरुवास अमिले मोटरबाटो	बुद्धजुना कन्स्ट्रक्सन	३१३०००	३४२३७१		
३२			**निर्माण व्यवसायीबाट काम गराएको** **निर्माण व्यवसायीबाट काम गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्ने गरी छनोट भएका देहायका उपभोक्ता समितिले आफै निर्माण कार्य गर्ने गरी रू. ७५२८९१४७ लागत अनुमान भएको कार्य उपभोक्ता समितिले निर्माण व्यावसायीबाट काम गराइ सोही बराबरको निर्माण व्यवसायीहरूको विल पेश गरेको देखियो । गाउँपालिकाबाट भुक्तानी भएको ६२३४९३३.०० र उपभोक्ता समितिले व्यहोर्नु पर्ने रू. ७५९८०६.०० समेत जम्मा रू. ६९९४७३९.०० को कार्यको निर्माण व्यवसायीबाट रू. ६८०८९६७.०० विल पेश गरेको देखिन्छ । गाउँपालिकाबाट भुक्तानी भएको रकम रू. ६२३४९३३.०० बाट नियमावलीमा भएको व्यवस्था विपरित काम भएको रु							६,९९४,७३९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
				गो. भौ.नं./ मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	भुक्तानी रकम	निर्माण व्यसायी	हेभी उपकरणमा भएको खर्च	जनसहभागिता		
				३४–२०७७।९।७	चालु मर्मत मो.बा.मर्मत सुधार	४८००१७	३९९३६६	जे.एम.एस निर्माण सेवा	४२९६८३	४८०१७		
				३०–२०७७।८।१९	पेलावास वल्वा अर्घाखाँची मोटरबाटो	६४४७८०	२०२०००	अधिकारी निर्माण सेवा	२४७२१५	६८७८०		
				२६–२०७७।८।१८	दशैबाटो सोरसार	४२६६६८	३८३०००	ग्लोवल निर्माण सेवा	४११६०९	४२६६८		
				२४–२०७७।८।१८	मोटरबाटो मर्मत सुधार	४८१६९३	३८३०००	अधिकारी निर्माण सेवा	४५६५००	४९६९३		
				२०–२०७७।८।१६	सम्पूर्ण सडक सोरसार	२११५५३	१८१०००	गरजा निर्माण सेवा	१९६१३९	२२३६४		
				४५–२०७७।९।१५	गापा भवन हुँदै कार्यालय कोयलचौर	१०७३५५	९९१००	केएनके कन्ष्ट्रक्सन	१०६८४३	११३५५		
				४०–२०७७।९।१४	पानीचौर ठूली चौपारी मोटरबाटो	२५७११०	२३९६७१	केएनके कन्ष्ट्रक्सन	२५७५८०	१७११०		
				५७–२०७७।९।२६	राजुडाडाँ लिटखोला आरुडाडा	२१२५३९	१९९०००	ग्लोबल निर्माण सेवा	२१२५७६	५६९१५		
				४९–२०७७।९।१६	सोमादी सुनार डाडाँ लातुपाते मोटरबाटो	३२२८५७	२९७०००	गरजा निर्माण सेवा	३२०३९५	३४८५७		
				६९–२०७७।९।२७	ठूलापोखरा ठूलो घुम्ती सडक	१६०४४०	१४३०००	ग्लोबल निर्माण सेवा	१५३६१४	१६४४०		
				८१–२०७७।११।११	पटुवाचौर मान्देघाट मोटरबाटो	२१४७७३	१९५०००	बुद्धजुना कन्स्ट्रक्सन	२११५५७	२२७७३		
				११०–२०७७।११।१७	धजाबन्ने गाग्रे गोएले ठूलोपोखरा मो.वा.	२१२२१९	१९८०००	अधिकारी निर्माण सेवा	२१२२१८	२१३७७		
				१०८–२०७७।११।११	टह माझटोल मोटरबाटो	१०६७०६	९८०००	केएनके कन्ष्ट्रक्सन	१०५८८६	१०७०५		
				१०७–२०७७।११।११	पहिराथाप्लो रोगाहा मोटरबाटो	१६०७०६	१४८०००	पोख्रेल कन्ष्ट्रक्सन	१५८८४९	१०१२७		
				११७–२०७७।११।२६	भबरेचौर अमिले मोटरबाटो	६४०९२२	५९२०००	गरजा निर्माण सेवा	६३५७२६	४०९२१		
				१२४–२०७७।१२।३	चालु मोटरबाटो सोरसार	२१४४८४	१८६०००	सुविधा निर्माण सेवा	२०१९७९	२२४८४		
				१३८–२०७७।१२।६	सोमादी लोकलधारा अर्सेदी मोटरबाटो	५३४२४४	४२६०००	गरजा निर्माण सेवा	४६११०६	५४२४५		
				१४८–२०७७।१२।१९	सेर्पोदी निमडाडा मोटरबाटो	२१५०३२	१९६७९६	गरजा निर्माण सेवा	२१२०७८	२३०३१		

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६१–२०७७।११।२२</td><td>छापपोखरा बाख्रे चन्दनवास मोटरबाटो</td><td>१०७३२४</td><td>९६०००</td><td>बुद्धजुना कन्स्ट्रक्सन</td><td>११७६०५</td><td>११३२४</td></tr>
<tr><td>१५८–२०७७।१२।२२</td><td>गोठे फर्म तिनपोखरी कृषि सडक</td><td>१६०६७०</td><td>१४१०००</td><td>ग्लोबल निर्माण सेवा</td><td>१५२४८५</td><td>१६६६९</td></tr>
<tr><td>१७२–२०७७।१२।२४</td><td>रिडीखोला अर्चले एभरग्रीन मोटरबाटो</td><td>२१३८२५</td><td>१८८०००</td><td>गरजा निर्माण सेवा</td><td>२०३९५८</td><td>२०२२४</td></tr>
<tr><td>१६३–२०७७।१२।२३</td><td>बोखर अर्चले अर्घाली अर्चले अर्घाकि मोटरबाटो</td><td>१६०५४५</td><td>१४१०००</td><td>केएनके कन्ष्ट्रक्सन</td><td>१५२४३८</td><td>१६५४५</td></tr>
<tr><td>१९२–२०७७।१२।३१</td><td>मौरिगोडा चल्ली छेडा चहला मोटरबाटो</td><td>८५४९२३</td><td>७९००००</td><td>आर.एन.छहरी विल्डर्स</td><td>८४८५५७</td><td>८६९२३</td></tr>
<tr><td>३८२–२०७८।३।२९</td><td>फेलावास झिरुवास अमिले मोटरबाटो</td><td>४२७५२९</td><td>३१३०००</td><td>बुद्धजुना कन्स्ट्रक्सन</td><td>३४२३७१</td><td>३४२५९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७५२८९१४</td><td>६२३४९३३</td><td>०</td><td>६८०८९६७</td><td>७५९८०६</td></tr>
</table>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११ उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरणको अभिलेख राख्नु पर्ने व्यवस्था छ । माथिको तालिका अनुसार नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको लागत अनुमान वरावरको कामको निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेबाट उपभोक्ता समितिले आफ्नो योगदानबाट गर्नुपर्ने रू. ७५९८०६.०० को कार्य नगरी केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो। उपभोक्ता समितिले श्रम योगदान नगरेको र प्रक्रिया पुर्‍याउने प्रयोजनको लागि उपभोक्ता समितिसँग सम्झौता गरेकोमा निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेकोले उपभोक्ता समितिको योगदान दखिएन ।
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
<tr><td>३३.१</td><td></td><td></td><td>लेइङ नभएकोः पालिकाले रू. ४५३३०८ को पाइप खरिद गरेकेमा उक्त पाइप समितिका अध्यक्ष बेद बहादुर रानाले बुझेर लगेको भर्पाइ पेश भएको छ । उक्त पाइप खानेपानी संरचना निर्माणको कार्यमा प्रयोग भएको नापी तथा मूल्यांकन सहित खर्च भएको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>४५३,३०८</td></tr>
<tr><td>३३.२</td><td></td><td></td><td>पानी मिटर खरिदः २०४–२०७८।१।१५ गाउँखानेपानी आयोजना उपभोक्ता समिति जि.मि. ट्रेडर्सबाट एण्ड सप्लायर्सबाट १८ वटा पानी मिटर मू.अ.कर सकेत रु. १७००.६५ मा खरिद गरेको वील पेश गरेको छ । कार्यालयले समेत सोही बमोजिम मूल्यांकन गरी भूक्तानी गरेको छ । सोही प्रकारको पानी मिटर नयाँ भैरव ट्रेडर्सको वील नं. ३७१ मिति २०७८।१।१४ बाट मू.अ.कर समेत रु. १०४९.९९ मा खरिद गरेको पाइयो । प्रचलित बजार भाउ भन्दा रु. ६५०.६६ बढीमा खरिद गरी भुक्तानी गर्दा कार्यालयलाई रु. ११७११.८८ बढी व्ययभार परेको असुल गर्नु पर्ने रु.</td><td>११,७१२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३.३			नेपाने लिफ्ट खानेपानी आयोजनाः नेपाने लिफ्ट खानेपानी आयोजना सञ्चालन गर्न उपभोक्ता समितिसँग २०७७।१०।५ मा रु. ९२१८१४.२१ मा पानीटंकी निर्माण गर्ने सम्झौता भएकोमा उक्तकाम सम्पन्न भएको पाइएन । २०७८।९।२७ गते स्थलगत निरीक्षण गर्दा निर्माण कार्य सुरु सम्म गरेको देखिन्छ । यसरी काम सुरु गरी सम्झौता अनुसार सम्पन्न नगरेकोले छुट्याइएको बजेट निस्कृय रहेको रु.	९२१,८१४
३३.४			प्राविधिक बील र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
३४			**अनुदान** पालिकाले कृषि, पशु, लक्षित वर्ग लगायतका कार्यक्रमको अनुदान एकद्वार प्रणालीबाट संचालन गर्दा पारदर्शिता र दोहोरो वितरणको अवस्था हुँदैन । पालिकाबाट स्पष्ट नीति तथा कार्यक्रम र सीमा निर्धारण नगरी एकै प्रकृतिको कार्यक्रमको सशर्त र समानीकरणबाट दिएको र सो को अनुदानबाट कृषकको आयस्तरमा परेको प्रभाव, उत्पादन तथा उत्पादकत्वमा वृद्दि तथा रोजगारी सिर्जना लगायतका विषयमा अनुगमन भएको देखिएन । स्पष्ट निति तथा कार्यक्रम र सीमा निर्धारण गरी एकद्वार प्रणालीबाट अनुदान दिने र दिएको अनुदानको उपयोग र उपलब्धि सम्बन्धमा अनुगमन गरी पार्दर्शिता कायम गर्नुपर्दछ ।	
३५			**सेवा प्रवाह** स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने दायित्व स्थानीय तहमा रहेको छ । पालिकामा दरबन्दी अनुसार कर्मचारी पदपूर्ति नभएको, कार्यालय भवन तथा अन्य पूर्वाधारको अभाव रहेको, भौगोलिक कठिनाइ लगायतका कारण सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । गाउँसभाबाट धेरै संख्यामा टुक्रे योजना पारित गरेको र पारित योजनाहरु कार्यान्वयन नगरी योजनाको रकम अन्य शिर्षकमा रकमान्तर गर्दा अनुत्पादक र वितरणमुखी कार्यक्रममा बढी खर्च हुने, खरिद प्रक्रिया कानुन विपरित हुने, दिगो योजना नबनाउने लगायतका समस्या रहेकोमा पालिका आफैले गर्ने, निजी क्षेत्रले गर्ने, साझेदारीमा गर्ने र नागरिक संस्थामार्फत गराउने कार्यहरुको पुनरावलोकन नहुँदा सेवा प्रवाह प्रभावकारी हुने देखिदैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६	25	२०७७-८-१९	**कार्यसम्पन्न प्रतिवेदन** पालिकाले फोक्के आप सहकारी संस्था लिमिटेडलाइ रु१० लाख अनुदान उपलब्ध गराएकोमा देखिका व्यहोराहरु देहायबमोजिम छन् स्थानीय तहमार्फत सञ्चालन हुने कोभिड कृषि कार्यक्रम संचालन कार्यविधि २०७७ को २२ नं मा समूह वा सहकारीबाट संचालन हुने र सामूहिक प्रयोजनमा उपयोगमा आउने यन्त्र उपकरण खरिद वा पूर्वाधार निर्माणको लागि लागत अनुमान र बजेटको परिधिभित्र बिल अनुसारको रकममा ५० प्रतिशत वा १० लाख जुन कम हुन्छ । सो बराबर भुक्तानी दिने व्यवस्था छ । साथै सामूहकि प्रयोजनमा उपयोगमा आउने यन्त्र उपकरण खरिद गरेको भए उक्त उपकरणको प्राविधिक स्पेशीफिकेशन प्राविधकबाट जाँच गराउनुपर्ने र पूर्वाधार निर्माणको हकमा प्राविधकको कार्यसम्पादन प्रतिवेदनका आधारमा भुक्तानी दिने व्यवस्था छ । तर पालिकाले उल्लेखित निर्देशिका विपरित सहकारीलाइ सोझै भुक्तानी दिएकोले खरिद गरिएका यन्त्र उपकरण र निर्माण कार्यको प्राविधिक स्पेशीफिकेशन र कार्यसम्मपन्न प्रतिवेदन पेश गर्नुपर्ने रु	१,०००,०००
३७			**मुख्यमन्त्री रोजगार कार्यक्रम** **मुख्यमन्त्री रोजगार कार्यक्रम :** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्याविधि,२०७५ को परिच्छेद ३ मा लक्षित समूहको व्यवस्था गरेको छ।कार्यालयले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको लागि संचालन गरेको कार्यक्रममा लक्षित वर्गको छनोटको आधार पेश गरेको छैन । अति विपन्नको स्पष्ट आधार एवम् मापदण्ड नवनाई रु ७७ लाख ३४ हजार खर्च लेखी कार्यक्रम संचालन गरेकाले वास्तविक लाभग्राही समावेश भए नभएको एकिन हुन सकेन । कार्यालयले कार्यक्रमको प्रभावकारीताको अनुगमन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । स्पष्ट आधार एवम् मापदण्ड बनाई खर्च लेख्नु पर्दछ ।	
३८	265		**सेनेटरी प्याड** **१. सेनेटरी प्याडः** भौ.नं. 265-0748/3/30, सामुदायिका विद्यालयका कक्षा 6-12 सम्मका छात्राहरुको लागि D & S Suppliers बाट मिति 078/3/5 मा 11490 प्याकेट (8 पिसको 1 प्याकेट) रेगुलर स्यानेटरी प्याड प्रति प्याकेड रु. 43.5 (भ्याट सहित) खरिद गरी रु. 499233/- भुक्तानी गरेको देखियो।तर लेखापरीक्षणको समय मिति 2078/9/28 सम्म पनि उक्त स्यानेटरी प्याड विद्यालयहरुमा वितरण नगरी स्टोरमा थनक्याएर राखेको पाइयो।साथै उक्त स्यानेटरी प्याडको गुणस्तर परीक्षण समेत गराएको पाइएन।अतः यसरी समान खरिद गरी मौज्दात राखेकोले प्रभावकारिता नभएको । 	४९९,२३३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			बेरूजु फछ्यौंटको स्थिति कार्यालयबाट प्राप्त बेरुजू विवरण अनुसार आ.व. २०७७।७८ सम्मको रु.13 करोड ५२ लाख ७९ हजार वेरुजू फछ्यौट हुन बाँकी रहेको छ । बाँकी बेरुजू मध्ये लुम्विनी प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३७ वमोजिम बेरुजु फछ्यौट गरी दफा ३८ वमोजिम सम्परीक्षणका लागि अनुरोध गरे बमोजिम लेखापरीक्षण डेर समक्ष रू. ८१९८९२५७।५० सम्परीक्षणको लागि पेश भएको छ ।	

गत वर्षसम्मको बेरुजू	यो बर्ष सम्परीक्षणको लागि पेश भएको बेरुजु रु	यो वर्ष संपरीक्षण गरिएको बेरुजू	गत वर्षसम्मको बाँकी बेरुजू
(A)		(B)	(C=A-B)
135279	81989	0	135279

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			अद्यावधिक स्थिति यस पालिकाको २०७७।७८ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । (रू. हजारमा)	

गत वर्षसम्मको बाँकी बेरुजू(A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
210816	०	19481	०	230297